# मिति २०८१/८/१८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पठाइएको मुद्दाको विवरण

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १<br>२<br>३)<br>४)<br>५)<br>६) | राजकुमार गोईत<br>उग्रानन्द पाठक<br>बिजयकुमार यादव<br>छत्रबहादुर श्रेष्ठ<br>भुपेन्द्र यादव<br>ममतादेवी यादव<br>(विशेष अदालतको मुद्दा नं. ०७८-CR-००९३ र फैसला मिति २०८०/११/०८ | गैरकानूनी लाभ वा हानी पुराउने बदनियतले कार्य गरी भष्ट्राचार गरेको। | तत्कालीन जिल्ला प्राविधिक कार्यालय, सप्तरीका प्रमुख जिल्ला इन्जिनियर राजकुमार गोइत र इन्जिनियर उग्रानन्द पाठकलाई भ्रष्टाचार निवारण, ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिम कसुरजन्य कार्यमा बिगो रु.६६,६४,६९२।२२ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन ।प्रतिवादी भुपेन्द्र यादवको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुरजन्य कार्य भएकोले बिगो रु.२१,००,२४०।९७ (एकाइस लाख दुई सय चालीस रुपैयाँ सन्तानब्बे पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन।प्रतिवादी विजयकुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुरजन्य कार्य | **फैसलाः**<br>प्रतिबादीहरू राजकुमार गोइत,उग्रानन्द पाठक,बिजयकुमार यादव,छत्रबहादुर श्रेष्ठ,भुपेन्द्रयादव,ममतादेवी यादवले अभियोग माग दावीबाट सफाई पाउने ठहर गरी फैसला भएको।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>क) नापी किताव र बिल बमोजिमको निर्माण कार्य नभएको कम परिमाणको काम गरी बढी परिमाणमा काम भएको भनी नापी कितावमा तथा कार्यसम्पन्न प्रतिबेदन तयार गरेको भन्ने आरोपदावी बस्तुनिष्ठ, ठोस र सबुत प्रमाणमा आधारित रहेको भन्न मिलेन।<br>ख) प्रतिबादीहरूले पोल बयान गरेको र सरकारी रकम लिई खाई मासेको पुष्टि हुने आधार बादीले पेस गरेको पाईदैन।<br>ग) निर्माण कार्य पुरा भई | **उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरूलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको।**<br>क) ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम (SNRTP) तर्फको नियमित मर्मत संभार र रुख विरूवा रोप्ने कार्य अन्तर्गत जिल्ला प्राविधिक कार्यालय, सप्तरीको तर्फबाट विभिन्न ७ वटा सडकमा मर्मत संभारको कार्य गर्दा जिल्ला प्राविधिक कार्यालय, सप्तरीबाट अधिकार क्षेत्रभन्दा बाहिर गई आर्थिक हिनामिना भएकोले उक्त विषयमा थप छानविन गरी आवश्यक कारवाहीको लागि सक्कलै फायल अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालमा पठाउने भनी नेपाल सरकार, सचिवस्तरको मिति २०७५।०९।१६ को निर्णयानुसार अनुरोध गरिएको भन्नेसमेत बेहोराको नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७५।७६, च.नं. १७४, मिति २०७५।०९।१८ को पत्रसाथ प्राप्त उ.द.नं. ३९९३, मिति २०७५/०९/१९ को उजुरी परी ।अनुसन्धान शुरू भएको देखिन्छ । सङ्घीथय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र र सोसाथ प्राप्त छानविन प्रतिवेदनको बेहोरा हेर्दा ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम (SNRTP) तर्फको नियमित मर्मत सम्भार र रुख बिरुवा रोप्ने कार्य अन्तर्गत जिल्ला प्राविधिक कार्यालय, सप्तरीको तर्फबाट विभिन्न ७ वटा सडकमा मर्मत संभारको कार्य गर्दा आयोजना व्यवस्थापन इकाइमा डि.पी.आर. पेस गरी सहमति नलिएको तथा केन्द्रीय आयोजना, आयोजना कार्यान्वयन इकाइको सहमति बिना कुनै आयोजना अघि नबढाउने भन्ने परिपत्रको उल्लङ्घन गरी आयोजना सँचालन गरेको र प्रक्रिया नपुर्याइ भुक्तानी गरेको सन्दर्भमा SNRTP-PMU हेटौंडा र ILO को कार्यालयबाट भएको छानविन प्रतिवेदनमा २०७५/०६/२४ को प्रतिवेदन अनुसार जिल्ला प्राविधिक कार्यालय, सप्तरीबाट बाह्र (१२) वटा नियमित मर्मत संभारको कार्य संचालन भइरहेको सडकहरुमा ग्राभेल सप्लाई र रुख बिरुवा रोप्ने ( Supply of gravel and tree plantation) कार्यको लागि जम्मा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरेको हुँदा बिगो रु.२६,५४,२१४।४५ (छब्बीस लाख चौवन्न हजार दुई सय चौध रुपैयाँ पैंचालिस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन,।प्रतिवादी ममतादेवी यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुरजन्य कार्य भएकोले बिगो रु.१९,१०,२३६।७९ (उन्नाईस लाख दश हजार दुई सय छत्तीस रुपैयाँ उनासी पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन,।प्रतिवादी छत्रबहादुर श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिम कसुरजन्य कार्य भएकोले बिगो रकम रु.२,५४,७१०।७६ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरिपाउँन माग दाबी लिईएको। | निर्माण व्यवसायीले सम्पन्न भए गरेको निर्माण कार्यको मात्र भुक्तानी बुझिलिएको अवस्थामा शंकाको सुबिधा प्रतिबादीहरूले पाउने भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त बमोजिम प्रतिबादीहरू उपर कसुर कायम गर्नु न्यायसंगत देखिएन। | रु.९९,९२,६७२।८४ को लागत अनुमान तयार गरी पाँच वटा (५) प्याकेज बनाई सिलबन्दी दरभाउपत्र मिति २०७५।०२।१६ मा "कृष्ण राष्ट्रिय दैनिकमा सिलबन्दी दरभाउपत्र आहवानको सूचना प्रकाशित गरिएकोमा पाँच वटा ठेक्का्मा माँ जानकी निर्माण सेवा, मलेठ-८, अन्नपूर्ण कन्स्ट्रक्सन, मलेठ-८, एभरेष्ट निर्माण सेवा, छिन्नमस्ता-२ गरी जम्मा तीन वटा मात्र निर्माण व्यवसायीले प्रस्ताव पेस गरेको। उक्त खरिद प्रक्रियाको क्रममा कुनै पनि उल्लिखित प्रस्तावहरुको (bids) को मूल्याङ्कन प्रतिवेदन (Evaluation Report) आयोजना व्यवस्थापन इकाइ-पूर्व, हेटौंडा (PMUE) मा पठाइएको नदेखिएको, कुनै पनि खरिद सम्झौताको हकमा आसयपत्र (letter of Intent) निकालिएको नदेखिएको भन्ने समेत व्यहोरा देखिन्छ ।यस्तै मिति २०७५।०६।१३ को स्थलगत निरीक्षण गर्दा देखिएको परिमाण एवं DRME र DRMSE ले उपलब्ध गराएको नापजाँचको प्रतिवेदन अनुसार ती सडकहरुमा ग्राभेल तथा रुख बिरुवा रोप्ने कार्य सम्झौतामा भए बमोजिमको कार्य सम्पादन नभए तापनि सो कार्यको मूल्याङ्कन गरी भुक्तानी भएको। नियमित मर्मत संभार कार्यको लागि प्रति कि.मि. रु.१००,०००।-Project Operation Manual (POM) मा उल्लेख भएकोमा जम्मा रु.१,५०,००,०००।-को सीमाभित्र रही खर्च गर्नु पर्नेमा जिल्ला प्राविधिक कार्यालय, ससरीले सीमाभन्दा बढी खर्च गरी अधिकार क्षेत्रभन्दा बाहिर गई आर्थिक हिनामिना गरेकोले उक्त विषयमा थप छानविन गरी आवश्यक कारवाहीको लागि सक्कलै फायल अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालमा पठाउने भन्नेसमेत बेहोराको पत्र रहेको देखिन्छ ।यसरी संचालित बिभिन्न निम्न ठेक्काबाट बढी रकम भुक्तानी भएको।<br>➢ ठेक्का नं. SNRTP/SAP/SQ/०१/०७४-७५: उल्लिखित ठेक्कात अन्तर्गत चार वटा सडकहरु भारदह-डण्डा-पकरी सडक, पोरताह-बकदुवा सडक, महुली-लोहरजारा-हनुमाननगर सडक र सिमरा-बरमझिया-मालकोट सडकमा "supply and place of gravel at different road" कार्यको लागि रू.१९,९७,०३७।०३ (भ्याटसहित) को लागत अनुमान तयार भएकोमा मिति २०७५।०२।१६ गते सिलबन्दी बोलपत्र लागी सुचना प्रकाशित भएकोमा सबैभन्दा कम अंकमा कबोल गर्ने माँ जानकी निर्माणसेवाले रू १७,६६,४२०.४४ लिई मिति २०७५।०३।२५ गते सम्झौता भएकोमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मिति २०७५।०३।३१ को गोश्वारा भौचर नं. ९८ र नापी किताव अनुसार जम्मा १११३.६९ घनमिटर ग्राभेल कार्यको लागी रू.१९,९६,०५५।१० भुक्तानी भएको देखिन्छ । मिति २०७६।०१।०४ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालका ई.द्रोणमान देव कटुवाल समेतको टोलीले पेश गरेको प्राबिधिक प्रतिबेदन अनुसार ठेक्कामा जम्मा ८४०.४८ घनमिटर मात्र ग्राभेलको कार्य भएको देखिएकोले उक्त कामको मुल्याङकन गर्दा जम्मा रू १५,१३,०४४.१३ मात्र हुने हुँदा रू ४,८३,०१०.९६ बढी भुक्तानी भएको।<br>➢ ठेक्काउ नं. SNRTP/SAP/SQ/०२/०७४-७५: उल्लिखित ठेक्का अन्तर्गत चार वटा सडकहरु कादरबोना-रौतहट सडक, खरचिमा-काचन-देउरी सडक, राजविराज पम्प क्यानल-दिग्हवा-हरिहरपुर सडक र इनरुवा-कुनौली सडकमा “supply and place of gravel at different road” कार्यको लागि रू.१९,९९,२२४।९९ (भ्याटसहित) को लागत अनुमान तयार भएकोमा मिति २०७५।०२।१६ गते सिलबन्दी बोलपत्रको लागी सूचना प्रकाशन गरिएकोमा पेश भएकोमा कम कबोल अंक रू १७,६५,७९३।३५ पेश गर्ने एभरेष्ट निर्माण सेवाले कबोल गरिएकोमा कार्यको लागि मिति २०७५।०३।२६ को गोश्वारा भौचर नं. ७० र नापी किताव अनुसार १४४५.२९ घ.मी. को ग्राभेल सप्लाईको काम भएको भनी रू.१४,७८,०५७।३५ (पहिलो रनिङ्ग बिलको रकम) भुक्तानी भएको र मिति २०७५।०३।३१ को गोश्वारा भौचर नं. ९६ बाट रू.५,१७,२८९।१४ (अन्तिम रनिङ्ग बिलको रकम) भुक्तानी भएको रकम समेत गरी जम्मा रू.१९,९५,३४६।४९ भुक्तानी भएकोमा मिति २०७६।०१।०४ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालका ई.द्रोणमान देव कटुवाल समेतको टोलीले पेश गरेको प्राबिधिक प्रतिबेदन अनुसार उक्त ठेक्कामा जम्मा ६११ घनमिटरको मात्र ग्राभेलको कार्य भएको हुँदा उक्त कामको मुल्यांकन गर्दा रू ९,६१,१००।०३ मात्र हुन आउने भएको हुँदा रू १०,३४,२४६।४५ बढी भुक्तानी भएको।<br>➢ ठेक्का नं. SNRTP/SAP/SQ/०३/०७४-७५: उक्त ठेक्का अन्तर्गत चार वटा सडकहरु कादरबोना-रौतहट सडक, खरचिमा-काचन-देउरी सडक, कल्यानपुर-इनरुवा-फुलबरिया-बनउला-बनउली-बाराही-कुशहाहा सडक र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | हरिहरपुर-पकरी-बिसहरिया-तिलाठी "plantation and bamboo guard" कार्यको लागि रू.१९,९९,५०१।६७ (भ्याटसहित) को लागत अनुमान तयार भएकोमा मिति २०७५।०२।१६ गते सिलबन्धी बोलपत्रको लागी प्रकाशन भएकोमा सबै भन्दा कम कबोल अंक रू १७,६३,६५२।— पेश गर्ने माँ जानकी निर्माण सेवाले प्राप्त गरेकोमा नापी किताव अनुसार १७२४ संख्यामा बाँसको घेरा लगाई आँपको बिरुबा बृक्षरोपण गर्ने कार्य भएकोमा उक्त कार्यको लागि मिति २०७५।०३।२६ को गोश्वारा भौचर नं. ७२ बाट रू.४,३३,४९६।२५ (पहिलो रनिङ्ग बिलको रकम) भुक्तानी भएको र मिति २०७५।०३।३१ को गोश्वारा भौचर नं. ९८ बाट रू.१५,५९,४३०।५१ (अन्तिम रनिङ्ग बिल रकम) भुक्तानी भई जम्मा रू.१९,९२,९२६।७६ भुक्तानी भएको। मिति २०७६।०१।०४ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालका ई.द्रोणमान देव कटुवाल समेतको टोलीले पेश गरेको प्राबिधिक प्रतिबेदन अनुसार उक्त ठेक्कामा जम्मा ३२५ आँपको विरूवा बृक्षरोपण गर्ने कार्य भएको देखिएकोले उक्त कामको मुल्यांकन गर्दा जम्मा रू ३,७५,६९६।७५ हुन आउने देखिएकोले रू १६,१७,२३०.०१ बढी भुक्तानी भएको।<br>➢ ठेक्का नं. SNRTP/SAP/SQ/०४/०७४-७५: उल्लिखित ठेक्का अन्तर्गत चार वटा सडकहरु भारदह-डण्डा-पकरी सडक, इनरुवा-कूनौली सडक, महूली-लोहरजारा-हनुमाननगर सडक र सिमरा-बरमझिया मालकोट सडक "plantation and bamboo guard" कार्यको लागि रू.१९,९९,५०१।६७ (भ्याटसहित) को लागत अनुमान तयार भएको उक्त कार्यको लागी मिति २०७५।०२।१६ गते सिलबन्दी बोलपत्र को सूचना प्रकाशित भएकोमा सबैभन्दा कम बोलप्रत्र पेश गर्ने एभरेष्ट निर्माण सेवाले प्राप्त गरेकोमा नापी किताव अनुसार १७२४ संख्याँमा बाँसको घेरा लगाई आँपको बृक्षरोपण गर्ने कार्य भएको देखिन्छ । उक्त कार्यको लागि मिति २०७५।०३।२६ को गोश्वारा भौचर नं. ७० बाट रू.४,०४,९९२।- (पहिलो रनिङ्ग बिलको रकम) भुक्तानी भएको र मिति २०७५।०३।३१ को गोश्वारा भौचर नं. ९६ बाट रू.१५,८९,८८२।८८ (अन्तिम रनिङ्ग बिल रकम) भुक्तानी भई जम्मा रू.१९,९४,८७४।८८ भुक्तानी भएको। मिति २०७६।०१।०४ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालका ई.द्रोणमान देव |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कटुवाल समेतको टोलीले पेश गरेको प्राबिधिक प्रतिवेदन अनुसार ३२४ वटा बाँसको घेरा लगाई आँपको विरूवा बृक्षरोपण गर्ने कार्य भएको देखिएकोले उक्त कामको मुल्याँकन गर्दा जम्मा रू ३,७४,९०६।८८ मात्र हुन आउने हुँदा रू १६,१९,९६८।— बढी भुक्तानी भएको।<br>ख) ठेक्का ७ नं. SNRTP/SAP/SQ/०५/०७४-७५ः उल्लिखित ठेक्का अन्तर्गत दुई वटा सडकहरु रुपनगर-सवानपुर-घोघनपुर सडक, रुपनगर-कञ्चनपुर-पथरी-पदेमरा सडकमा “supply and place of gravel at different road” र “plantation and bamboo guard” कार्यको लागि रू.१९,९७,४०७।४४ (भ्याट सहित) को लागत अनुमान तयार भएकोमा मिति २०७५।०२।१६ गते सिलबन्धी बोलपत्रको लागि सूचना प्रकाशन भएकोमा सबैभन्दा कम अंक कबोल गर्ने अन्नपूर्ण कन्सट्रक्सनले प्राप्त गरेको देखिन्छ ।उक्त कार्यको लागी नापी किताव अनुसार ग्राभेल कार्य जम्मा ५७२.६२ घ.मी. र बाँसको घेरा सहित आँपको विरूवा वृक्षरोपण गर्ने कार्य जम्मा सख्याव ८६२ गर्ने भएको भनी उल्लेख भएको देखिन्छ ।उक्त कार्यको लागि मिति २०७५।०३।२६ को गोश्वारा भौचर नं. ७४ बाट रू.४,७१,८२५ (प्रथम रनिङ्ग बिल रकम) र मिति २०७५।०३।३१ को गोश्वारा भौचर नं. १०० बाट रू.१७,७४,८५५।-(अन्तिम रनिङ्ग बिल रकम) भुक्तानी दिएकोमा जम्मा उक्त प्याकेजमा रू.२२,४६,६८०।०० भुक्तानी भएको। मिति २०७६।०१।०४ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालका ई.द्रोणमान देव कटुवाल समेतको टोलीले पेश गरेको प्राबिधिक प्रतिबेदन अनुसार ठेक्कामा जम्मा १२१.५ घन.मी. को ग्राभेलको कार्य र १०८ संख्याँ बाँसको घेरा सहित आँपको बृक्षरोपण गर्ने कार्य भएकोले उक्त कामको मुक्यांकन गर्दा जम्मा रू ३,३६,४४३.९४ मात्र हुन आउने देखिएकोले रु १९,१०,२३६।७९ बढी भुक्तानी भएको।<br>**ख)** । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंङ्गालका इन्जिनियर द्रोणमान देव कटुवाल समेतले मिति २०७६।०१।०४ गतेका दिन स्थलगत रूपमा खटि गई मुचुल्का तथा नापजाँच गरी मिति २०७६\०३\०३ मा पेश गरेको प्रतिबेदन अनुसार जिल्ला प्राविधिक कार्यालय, सप्तरीबाट निर्माण गरिएको रुपनगर-सवानपुर-पथरी-भोगनपुर सडक खण्डमा निम्न बमोजिमको |

supply भएको gravel हालसम्म पनि laying गरेको नपाइएको, योजनामा सम्झौता भए बमोजिमको परिणाममा gravel supply भएको नदेखिएको।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **Package 1** | | | | | | | | | |
| **SNRTP /SAP/SQ/01/074-075** | | | **Maa Janaki Nirman Sewa** | | | | | | |
| **S. N** | **Work Description** | **Name of the Road** | **Payment** | | | | **Actual Work** | | |
| | | | **Qty** | **Unit** | **Rate** | **Amount** | **Qty** | **Rate** | **Amount** |
| 1 | Supply and place of Gravel as per standard sieve analysis having size 5 to 70 mm for maintenance of gravel shoulder and gravel carriageway by reparing pot holes and making irregularities even to the required level | भारदह-डण्डा-पकरी सडक | 268.83 | Cu.m | 1642 | 441418.86 | 268.83 | 1642 | 441418.86 |
| | | पोरताह-बकदुवा सडक | 268.81 | Cu.m | 1643 | 441654.83 | 204.75 | 1643 | 336404.25 |
| | | महुली-लोहरजारा-हनुमाननगर सडक | 286.5 | Cu.m | 1542 | 441783 | 87 | 1542 | 134154 |
| | | सिमरा-बरमझिया-मालकोट सडक | 289.55 | Cu.m | 1525 | 441563.75 | 280 | 1525 | 427000 |
| | | | | **Net amount** | | **1766420.44** | **840.58** | | **1338977.11** |
| | | | | **Amount with VAT** | | **1996055.097** | | | **1513044.13** |
| | | | | **Total Overpayment with VAT:** | | | **483010.96** | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **Package 2** | | | | | | | | |

| SNRTP/SAP/SQ/02/074-075 | | | Everest Nirman Sewa | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| S.N | Work Description | Name of the Road | Payment | | | | Actual Work | | |
| | | | Qty | Unit | Rate | Amount | Qty | Rate | Amount |
| 2 | Supply and place of Gravel as per standard sieve analysis having size 5 to 70 mm for maintenance of gravel shoulder and gravel carriageway by reparing pot holes and making irregularities even to the required level | कादरबोना-रौतहट सडक | 409.28 | Cu.m | 1078 | 441203.84 | 127 | 1078 | 136906 |
| | | खरचिमा-काचन-देउरी सडक | 602.08 | Cu.m | 732 | 440722.56 | 209 | 732 | 152988 |
| | | राजविराज पम्प क्यानल-हुवाइ-दिग्हवा-हरिहरपुर सडक | 138.4 | Cu.m | 3194 | 442049.6 | 88 | 3194 | 281072 |
| | | इनरुवा-कुनौली सडक | 295.53 | Cu.m | 1495 | 441817.35 | 187 | 1495 | 279565 |
| | | | 1445.29 | **Net Amount** | | **1765793.35** | **611** | | **850531** |
| | | | | **Amount with VAT** | | **1995346.486** | | | **961100.03** |
| | | | | **Total overpayment with VAT** | | | **1034246.456** | | |

| S.N | Work Description | Name of the Road | Payment | | | | Actual Work | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **Package 3** | | | | | | | | | |
| **SNRTP/SAP/SQ/03/074-075** | | | **Maa Janaki Nirman Sewa** | | | | | | |
| | | | **Qty** | **Unit** | **Rate** | **Amount** | **Qty** | **Rate** | **Amount** |
| 3 | *Planting containerised tree and shurb seedings including pitting, transplanting, composting and placing tree guards on toe of embankment slope in plain area, not less than 8m from the road center line, pit size 30 cm diameter* 30 cm depth | कादरबोना - रौतहट सडक | 431 | no. | 1023 | 440913 | 110 | 1023 | 112530 |
| | | खरचिमा-काचन-देउरी सडक | 431 | no. | 1023 | 440913 | 79 | 1023 | 80817 |
| | *weaving bamboo tree guards using bamboo poles as uprights: 1.6m in height and weaving split bamboo with the outer wall intact around the posts, dimensions of the guard are 0.6m diameter and 1.30 m high | कल्यानपुर-इनरुवा -फुलबरिया -बनउला-बनउली-बाराही-कुशहाहा सडक | 431 | no. | 1023 | 440913 | 47 | 1023 | 48081 |
| | | हरिहरपुर-पकरी-बिसहरिया -तिलाठी | 431 | no. | 1023 | 440913 | 89 | 1023 | 91047 |
| | | | 17 | **Net Amount** | | **1763652** | **32** | | **332475** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | 24 | | | 5 | | |
| | | | | Amount with VAT | 1992926.76 | | | 375696.75 |
| | | | | Total Overpayment with VAT | | 1617230.01 | | |

| **Package 4** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **SNRTP/SAP/SQ/04/074-075** | | | **Everest Nirman Sewa** | | | | | | |
| | | | **Payment** | | | | **Actual Work** | | |
| **S.N** | **Work Description** | **Name of the Road** | **Qty** | **Unit** | **Rate** | **Amount** | **Qty** | **Rate** | **Amount** |
| 4 | *Planting containerised tree and shurb seedings including pitting, transplanting, composting and placing tree guards on toe of embankment slope in plain area, not less than 8m from the road center line, pit size 30 cm diameter* 30 cm depth | भारदह-डण्डा-पकरी सडक | 431 | no. | 1024 | 441344 | 2 | 1024 | 2048 |
| | | इनरुवा-कूनौली सडक | 431 | no. | 1024 | 441344 | 133 | 1024 | 136192 |
| | *weaving bamboo tree guards using bamboo poles as uprights: 1.6m in height and weaving split bamboo with the outer wall intact around the posts, dimensions of | महूली लोहरजारा हनुमाननगर | 431 | no. | 1024 | 441344 | 162 | 1024 | 165888 |
| | | सिमरा बरमझिया मालकोट सडक | 431 | no. | 1024 | 441344 | 27 | 1024 | 27648 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | the guard are 0.6m diameter and 1.30 m high | | | | | | | | |
| | | | 1724 | **Net Amount** | | **1765376** | **324** | | **331776** |
| | | | | **Amount with VAT** | | **1994874.88** | | | **374906.88** |
| | | | | **Total Overpayment with VAT** | | | **1619968** | | |

| **Package 5** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **SNRTP/SAP/SQ/04/074-075** | | | **Annapurna construction** | | | | | | |
| **S.N** | **Work Description** | **Name of the Road** | **Payment** | | | | **Actual Work** | | |
| | | | **Qty** | **Unit** | **Rate** | **Amount** | **Qty** | **Rate** | **Amount** |
| 5 | Supply and place of gravel as per standard sieve analysis having size 5-70mm for maintenance of gravel shoulder and gravel carriageway by reparing pot holes and making irregularities even to the required level | रुपनगर-सवानपुर-घोघनपुर | 284.76 | Cu.m | 1548 | 440808.48 | 76.5 | 1548 | 118422 |
| | | रुपनगर-कञ्चनपुर-पथरी-पदेमरा | 287.88 | Cu.m | 1532 | 441032.16 | 45 | 1532 | 68940 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | *Planting containerised tree and shurb seedings including pitting, transplanting, composting and placing tree guards on toe of embankment slope in plain area, not less than 8m from the road center line, pit size 30 cm diameter* 30 cm depth *weaving bamboo tree guards using bamboo poles as uprights: 1.6m in height and weaving split bamboo with the outer wall intact around the posts, dimensions of the guard are 0.6m diameter and 1.30 m high | रुपनगर-सवानपुर-घोघनपुर | 431 | no. | 1022 | 440482 | 51 | 1022 | 52122 |
| | | रुपनगर-कञ्चनपुर-पथरी-पदेमरा | 431 | no. | 1022 | 440482 | 57 | 1022 | 58254 |
| | | | | **Net Amount** | | **1762804.64** | | | **297738** |
| | | | | **Amount with VAT** | | **1991969.243** | | | **336443.94** |
| | | | | **Total Payment** | | **2246680.73** | | | **336443.94** |
| | | | | **Total Overpayment amount** | | | **1910236.79** | | |

. स्थलगत नापजाँच मुचुल्का र सो समेतको आधारमा तयार पारिएको प्राविधिक

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवेदन अनुसार उल्लिखित ५ वटा प्याकेजमा खुद काम भए भन्दा रू.६६,६४,६९२।२२ (छैसठ्ठी लाख चौसठ्ठीर हजार छ सय बयानब्बे रुपैयाँ बाइस पैसा) बढी भुक्तानी भएको भन्ने प्रतिबेदन देखिएको।<br>**ग)** यसरी उपयुक्त तथ्य रहेको प्रस्तुत मुद्दामा प्रतिबादीहरु के कस्तो कार्यमा संलग्नता रहेका छन भन्ने सन्दर्भमा हेर्दा-<br>➢ प्रतिवादीहरु राजकुमार गोइत र उग्रानन्द पाठकको हकमा हेर्दा तत्कालीन जिल्ला प्राविधिक कार्यालय, सप्तरीका प्रमुख जिल्ला इन्जिनियर राजकुमार गोइत र इन्जिनियर उग्रानन्द पाठकले ठेक्का नं. SNRTP/SAP/SQ/०१/०७४-७५, SNRTP/SAP/SQ/०२/०७४-७५, SNRTP/SAP/SQ/०३/०७४-७५, SNRTP/SAP/SQ/०४/०७४-७५ र SNRTP/SAP/SQ/०५/०७४-७५ मा "supply and place of gravel at different road" र "plantation and bamboo guard" कार्यक्रमको उल्लिखित ठेक्काहरुको जम्मा रु.९९,७१,१७२।४६ (भ्याट सहित) मा निर्माण व्यवसायीहरुसँग सम्झौता भएकोमा निजहरुले निर्माण व्यबसायीहरुबाट पेस भएको बिल अनुसार स्थलगत रुपमा निरीक्षणसमेत गरी अन्तिम भुक्तानीको लागि आ-आफ्नो हस्ताक्षर गरिएको नापी किताब तयार गर्दा पाँचवटा प्याकेजको जम्मा रु.१,०२,२५,८८३।९५ (भ्याट सहित) को झुट्टा नापी किताब/प्रतिवेदन बनाई कार्यालयमा पेस गरी स्वीकृत गरेकोमा आयोगको स्थलगत निरीक्षण टोलीले मिति २०७६/०१/०४ मा स्थलगत रुपमा खुद काम भएको सम्बन्धमा निज प्रतिवादीहरु समेतको रोहवरमा नापजाँच मुचुल्का तयार गरी पेस गरेको प्राविधिक प्रतिवेदन अनुसार उल्लिखित पाँचवटा ठेक्काहरुमा जम्मा रु.३५,६१,१९१।७३ मात्रको कार्य भएको देखिंदा खुद काम भएको भन्दा बढी रकम रु.६६,६४,६९२।२२ भुक्तानी दिने र लिने कार्य गरेको देखिएको हुँदा बढी कामको परिमाण देखाई झुट्टा नापी किताब बनाई हस्ताक्षरसमेत गरी सोही नापी किताबको आधारमा बढी रकमको बिल बनाई भुक्तानी समेत भई नेपाल सरकारलाई हानिनोक्सानी पुर्याउने कार्य गरेको देखिन्छ ।प्रतिबादी उग्रानन्द पाठकले मौकामा बयान गर्दा ग्रामिण यातायात सुदृढिकरण कार्यक्रम तर्फको रूपनगर-सवानपुर पथरी घोघनपुर सडकहरूको नियमित मर्मत संभार र रूख बिरूवा रोप्ने कार्यमा र बिभिन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सडकहरू को DPR तयार गर्ने कार्यमा चेकजाँच गरी कागजातहरू कार्यालय प्रमुख समक्ष पेस गर्ने जिम्मेवारी गर्ने जिम्मेवारी भएको भनी बयान गरेका छन ।कार्यालय प्रमुखको आदेश अनुसार मैले मुल्यांकन कार्यमा सहयोग मात्र गरेको हो भन्ने समेत व्यहोराको बयान गरेका छन ।प्रतिबादीहरूले मौकामा बयान गर्दा निर्माण गरिएकोमा काम Estimate अनुसार नै भएको हो भन्ने समेत व्यहोराको बयान गरेपनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट गरिएको नापजाँचलाई अन्यथा भन्न सकेको छैनन ।अदालतमा बयान गर्दा समेत प्रतिबादीहरूले उक्त नाँपजाँचलाई अन्यथा भन्न सकेको अवस्था देखिँदैन।<br>➢ प्रतिवादी भुपेन्द्र यादव माँ जानकी निर्माण सेवाका प्रोप्राइटर रहेको। निज प्रतिवादी भुपेन्द्र यादवले ठेक्का नं. SNRTP/SAP/SQ/०१/०७४-७५ र SNRTP/SAP/SQ/०३/०७४-७५ को निर्माण कार्यको लागि तत्कालीन जिल्ला प्राविधिक कार्यालय, सप्तरीसँग ठेक्का नं SNRTP/SAP/SQ/०१/०७४-७५ को लागि रु.१९,९६,०५५।०९ (भ्याट सहित) र ठेक्का नं. SNRTP/SAP/SQ/०३/०७४-७५ लागि रु.१९,९२,९२६।७६ (भ्याट सहित) गरी जम्मा रु.३९,८८,९८१।८५ मा सम्झौता गरी अन्तिम भुक्तानीको लागि रु.३९,८८,९८१।८५ को बिल पेस गरी सोही बमोजिमको भुक्तानी लिए तापनि ठेक्कामा सम्झौता बमोजिम काम नगरी, काम नगरेको हकमासमेत झुट्टा बिल बनाई पेस गरेको र नापी किताबमा समेत हस्ताक्षर गरी सम्पन्न नगरेको नभएको कामलाई समेत भएको गरेको बनाई खुद काम भएको मूल्य रु.१८,८८,७४०।८८ भन्दा रु.२१,००,२४०।९७७ बढी भुक्तानी लिई आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानिनोक्सानी पुर्याउने कार्य गरेको देखिन्छ ।प्रतिबादीले सम्मानित अदालतमा उपस्थित भई बयान गर्दा बाढी प्रभाबित क्षेत्रमा बर्षातमा आएको बाढीले ग्राभेल लस बढी भएको र सम्बन्धित निकायबाट रूख बिरूवामा पानी हाल्ने लगायत संरक्षण गर्ने कार्य नगरेकोले बृक्षरोपण गरिएका बिरूवाहरू बाच्न नसकेको हो भन्ने समेत व्यहोराको बयान गरेपनि निजले गरेको बयानलाई आयोगबाट नापजाँच गरेको प्राबिधिक प्रतिबेदनले खण्डित भएको।<br>➢ एभरेष्ट निर्माण सेवाको प्रोप्राइटर प्रतिवादी विजयकुमार यादवले तत्कालीन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | जिल्ला प्राविधिक कार्यालय, सप्तरीसंग ठेक्का नं SNRTP/SAP/SQ/०२/०७४-७५ को लागि रु.१९,९५,३४६।४८ (भ्याट सहित) र ठेक्का नं. SNRTP/SAP/SQ/०४/०७४-७५ लागि रु.१९,९४,८७४।८८ (भ्याट सहित) गरी जम्मा रु.३९,९०,२२१।३६ मा सम्झौता गरी अन्तिम भुक्तानीको लागि रु.३९,९०,२२१।३६ को बिल पेस गरी सोही बमोजिमको भुक्तानी लिंदा सम्झौता बमोजिम काम नगरी, काम नगरेको हकमासमेत झुट्टा बिल बनाई पेस गरेको र नापी किताबमासमेत हस्ताक्षर गरी सम्झौतामा उल्लिखित शर्तहरुको बर्खिलाप हुने गरी काम सम्पन्न नभए नगरेको कामलाई समेत भए गरेको बनाई खुद काम भएको मूल्य रु.१३,३६,००६।९१ भन्दा रु.२६,५४,२१४।४५ बढी भुक्तानी लिई आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानिनोक्सानी पुर्यासउने कार्य गरेको देखिन्छ ।निज प्रतिबादीले अदालतमा बयान गर्दा झुठा बिल बनाएको होईन भनी ईन्कार गरी बयान गरेपनि मौकामा आयोगबाट गरिएको नाँपजाँचलाई प्रतिबादीले अन्यथा भन्न नसकेको हुँदा निजको ईन्कारी कसूरबाट बच्नको लागी मात्र गरिएको हो भन्ने देखिन्छ ।<br>➢ प्रतिवादी ममतादेवी यादव अन्नपूर्ण कन्स्ट्रक्सनको प्रोप्राइटर भएको र निज ममतादेवी यादवले ठेक्का नं SNRTP/SAP/SQ/०५/०७४-७५ को निर्माण कार्यको लागि तत्कालीन जिल्ला प्राविधिक कार्यालय, सप्तरीसँग रु.१९,९१,९६९।२४ (भ्याट सहित) मा सम्झौता गरी अन्तिम भुक्तानीको लागि रु.२२,४६,६८०।७३ (भ्याट सहित) को बिल पेस गरी सोही बमोजिमको भुक्तानी लिंदा सम्झौता बमोजिम काम नगरी, काम नगरेको हकमा समेत झुट्टा बिल बनाई पेस गरेको र नापी किताबमा समेत हस्ताक्षर गरी सम्झौतामा उल्लिखित शर्तहरुको बर्खिलाप हुने गरी काम सम्पन्न नगरेको, नभएको कामलाई समेत भए गरेको बनाई खुद काम भएको मूल्य रु.३,३६,४४३।९४ भन्दा रु.१९,१०,२३६।७९- बढी भुक्तानी लिई आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानिनोक्सानी पुर्याकउने कार्य गरेको देखिन्छ ।निजले अदालतमा बयानको क्रममा अन्तिम बिल भुक्तानी गर्दा रनिङ्ग बिलमा भुक्तानी भएको रकम नघटाई मानवीय त्रुटिको कार्णले बढी रकम भुक्तानी भएकोमा उक्त रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | धरौटीबाट फिर्ता गर्नेछु (स.ज. १६ ) भनी रकम बढी लिएकोमा स्वीकार गरी बयान गरेका छन ।<br>➢ प्रतिवादी छत्रबहादुर श्रेष्ठले जिल्ला प्राविधिक कार्यालय, सप्तरी र निर्माण व्यवसायी अन्नपूर्ण कन्स्ट्रक्सनबीच ठेक्का नं. SNRTP/SAP/SQ/०५/०७४-७५ को लागि मिति २०७५।०३।०५ मा रु.१९,९१,९६९।२४ मा सम्झौता भएको र उक्त कार्यको निर्माण व्यवसायीले पेस गरेको बिल र प्राविधिकले तयार पारेको नापी किताब अनुसार प्रथम रनिङ्ग बिल मिति २०७५।०३।२६ मा गोश्वारा भौचर नं. ७४ बाट रु.४,७१,८२५।- भुक्तानी गरेका निज लेखापालले निर्माण व्यबसायीले पेस गरेको बिल र प्राविधिकले तयार पारेको नापी किताब अनुसार मिति २०७५।०३।३१ मा गौश्वरा भौचर नं.१०० बाट रु.१७,७४,८५५।-अन्तिम बिल वापतको रकम भुक्तानी दिएको, उल्लिखित ठेक्कामा रु.१९,९१,९६९।२४ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निज प्रतिवादीले प्रथम रनिङ्ग बिल र अन्तिम बिल भुक्तानीसमेत गरी जम्मा रु.२२,४६,६८०।-भुक्तानी दिएबाट उल्लिखित ठेक्का सम्झौतामा उल्लेख भएको कबोल अंकभन्दा बढि रकम रु.२,५४,७१०।७६।-भुक्तानी दिएको हुँदा ठेक्का सम्झौतामा भएको कबोल अंकभन्दा बढी रकम रु.२,५४,७१०।७६ भुक्तानी दिई निर्माण व्यवसायीलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानि पुर्याउने कार्य गरी गरेको देखिन्छ ।यी प्रतिबादीले सम्मानित अदालतमा बयान गर्दा समेत उल्लेखित काममा बढी भुक्तानी गएको र महालेखापरिक्षकको कार्यालयको लेखापरिक्षणबाट बेरूजु निकालेको भनी बयान गरेबाट निर्माण कार्यमा भुक्तानी दिदा समेत बढी भुक्तानी दिएको भन्ने पुष्टि हुन आउछ ।<br>घ) नेपाल सरकारका साक्षी राजु श्रेष्ठले सम्मानित अदालतमा उपस्थित भइ बकपत्र गर्दा मिति २०७५।०६।२४ गतेको राष्टिलय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम केन्द्रिय आयोजना समन्वय इकाई जावलाखेल ललितपुरमा पेश गरेको प्राराम्भिक प्रतिबेदन र मिति २०७५\११\०९ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ,टंगालमा कागजात पठाएको पत्रको सनाखत गर्दे उक्त योजना निरिक्षण गर्दा सडकमा ग्राभेल बिछ्याईएको छ छैन तथा रूख बिरूवा को संख्या गनेको हो भन्ने समेत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | व्यहोराको बकपत्र गरेका छन ।यस्तै प्रतिबेदक द्रोणमान कटुवालले समेत अदालतमा बकपत्र गर्दा मिति २०७६\०१\१६ गते पुर्बाधार बिकास कार्यालय,सिरहालाई लेखेको पत्र ,मिति २०७६\०३\०३ गते आयोग समक्ष दिएको प्रतिबेदन ऐ २०७६\०३\०४ गतेको स्थलगत मुचुल्का र मिति २०७६\०२\३० गते पुर्बाधार विकास कार्यालयलाई लेखेको पत्र समेतलाई सनाखत गरी निरिक्षण गरिएको समयमा बाढी गएको थाहा पाईन ।प्रतिबेदनमा उल्लेखित सम्पुर्ण सडकहरू को नापजाँच गरेको हो र उक्त नापजाँच गर्दा सम्बन्धीत कार्यालयका कार्यालय प्रमुख,ईञ्जिनियर ,परामर्शदाता तथा आयोगका प्राबिधिकहरूले संयुक्त रूपमा एकिन गरिएको हो (स.ज. ११) भन्ने समेत व्यहोराको बकपत्र गरेका छन ।यस्तै सम्मानति अदालतबाट ७(क) बमोजिम बुझिएका राजु कुमार गोइतले समेत बाढी प्रभावित जिल्ला हो तर उक्त ठेक्का लागेको सडक परेको ठामा भने बाढीले कुनैपनि असर गरेको छैन (स.ज.१०) भन्ने समेत व्यहोराको बकपत्र गरेका छन ।यसरी मौकामा दिएको प्रतिबेदन समेतको व्यहोरा अदालतमा उपस्थित भई सनाखत समेत गरेको हुँदा उक्त व्यहोरालाई प्रमाणमा लिई प्रतिबादीहरुलाई आरोप माग दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको फैसला प्रमाण ऐन २०३१ को दफा १८ को प्रतिकुल भई बदरभागी रहेको।<br>अतः माथि उल्लेखित आधार र कारण समेतबाट बिशेष अदालत काठमाण्डौले गरेको फैसला त्रुटिपूर्ण देखिदा प्रतिबादीहरू राजकुमार गोईत,उग्रानन्द पाठक,बिजय कुमार यादव,छत्र बहादुर श्रेष्ठ,भुपेन्द्र यादव,ममता देवी यादवलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भएको हुँदा उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय हुन। |